प्रति साधारण शेयर रू.१००/- अंकित
दरको २७,४३,००० कित्ता
हकप्रद साधारण शेयरको निष्काशन

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने
रु.१००/- प्रति साधारण शेयरको दरले

सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड
SAPTAKOSHI DEVELOPMENT BANK LIMITED

“हाम्रो समुदाय हाम्रो बैंक”

(नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)
टंकिसिनवारी-२, मोरङ्ग
कर्पोरेट कार्यालयः विराटनगर-९, मोरङ्ग, फोन नं. ०२१-५२८१३५, ५२८१३७ फ्याक्सः ०२१-५२८१४०
इमेलः info@skdbl.com.np, वेवसाइटः www.skdbl.com.np

हकप्रद शेयरको बिक्री खुल्ला अवधिः

निष्काशन खुल्ला मितिः २०७४/०३/३० गते

निष्काशन बन्द हुने मितिः २०७४/०५/०१ गते
(कार्यालय समय पश्चात्)

हकप्रद शेयर निष्काशन बारेको सूचना

१ : १.३ को अनुपातमा (अर्थात् विद्यमान १ कित्ता शेयर बराबर नयाँ १.३ कित्ता शेयरको दरले)
शेयरधनीहरुलाई हकप्रद शेयर निष्काशन गर्नका लागि प्रकाशित

यस हकप्रद प्रयोजनको लागि मिति २०७४/०३/१४ मा शेयरधनी दर्ता किताब बन्द गरिएकोले सो मिति भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरु मात्र यस निष्काशनमा आवेदन दिन योग्य रहेको ।

श्री नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत मिति २०७४/०२/३१

१. कम्पनीको नाम : सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड (Saptakoshi Development Bank Limited)।

२. रजिष्टर्ड कार्यालय : यस डेभलपमेन्ट बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय मोरङ जिल्ला, टंकिसिनवारी गा.वि.स. वडा नं. २ मा रहेको छ।

३. कारोवार स्थान :

यस डेभलपमेन्ट बैंकको कारोवार स्थान ३ जिल्ला मोरङ, इलाम र पाँचथर रहेको छ र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई यस डेभलपमेन्ट बैंकले आफ्नो कार्यक्षेत्र भित्रमा शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोवार गर्न सकिनेछ।

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

डेभलपमेन्ट बैंकको संक्षिप्त परिचयः यस डेभलपमेन्ट बैंक कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६९/०१/०४ मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भएको हो। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ अनुसार मिति २०६९/०६/१४ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त गरी “ख” वर्गको वित्तीय संस्थाको हैसियतले २०६९ साल आश्विन १६ गतेदेखि बैंकिङ्ग कारोवार सञ्चालन गर्दै आएको छ। यस डेभलपमेन्ट बैंकका संस्थापक तथा सञ्चालकहरुमा वित्तीय क्षेत्र, शैक्षिक क्षेत्र, उद्योग तथा व्यापार क्षेत्र एवम् व्यवस्थापनमा लामो समयदेखि कार्यरत अनुभवी प्रतिष्ठित व्यक्तिहरु रहनु भएको छ।

डेभलपमेन्ट बैंकको उद्देश्यः डेभलपमेन्ट बैंकको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही बैंकिङ्ग/वित्तीय कारोवार गर्ने यस डेभलपमेन्ट बैंकका मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेको छ :

(क) डेभलपमेन्ट बैंकको निक्षेपकर्ताको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने।
(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एंव उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवम् कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुर्‍याउने।
(ग) उपलब्ध श्रम, शीप तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एंव प्रबर्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्‍याउने।
(घ) वित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारीकरणमा मद्दत पुर्‍याउने र देशको अर्थतन्त्रलाई सवल तथा सुदृढ बनाउन सहयोग पुर्‍याउने।
(ङ) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वासनियता अभिबृद्धि गर्न सहयोग पुर्‍याउने।

५. शेयर पूँजीको संरचना :

(क) अधिकृत पूँजी : डेभलपमेन्ट बैंकको अधिकृत पूँजी रु. १००,००,००,०००/- (अक्षरेपी एक सय करोड मात्र) रहेको छ। उक्त पूँजीलाई रु. १००/- का दरले १००,००,००० (एक करोड) थान शेयरमा विभाजन गरिएको छ।
(ख) जारी पूँजी : डेभलपमेन्ट बैंकको जारी पूँजी रु. ४८,५३,००,०००/- (अक्षरेपी अड्चालीस करोड त्रिपन्न लाख मात्र) रहेको छ। उक्त पूँजीलाई रु. १००/- का दरले ४८,५३,००० (अड्चालीस लाख त्रिपन्न हजार) थान शेयरमा विभाजन गरिएको छ।
(ग) चुक्ता पूँजी : डेभलपमेन्ट बैंकको हाल चुक्ता पूँजी रु. २१,१०,००,०००/- (अक्षरेपी एक्काइस करोड दश लाख मात्र) रहेको छ जसलाई रु. १००/- का दरले २१,१०,००० (एक्काइस लाख दश हजार) थान शेयरमा विभाजन गरिएको छ। यस हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् डेभलपमेन्ट बैंकको चुक्ता पूँजी रु. ४८,५३,००,०००/- (अक्षरेपी अड्चालीस करोड त्रिपन्न लाख मात्र) रहनेछ।

६. शेयरको हकप्रद निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने डेभलपमेन्ट बैंकको चुक्ता पूँजीको संरचना :

शेयरको हकप्रद निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने डेभलपमेन्ट बैंकको चुक्ता पूँजीको संरचनाः

समूह	शेयरधनीहरु	शेयर संख्या	पूँजी संरचना (%)	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरू	२९,११,८००	६०	२९,११,८०,०००	शतप्रतिशत
ख	सर्वसाधारण शेयरधनीहरू (कर्मचारी सहित)	१९,४१,२००	४०	१९,४१,२०,०००	”
	जम्मा	४८,५३,०००	१००	४८,५३,००,०००	शतप्रतिशत

७. सञ्चालकहरु तथा कार्यकारी प्रमुखको परिचय :

डेभलपमेन्ट बैंकको सञ्चालक समितिमा देहाय बमोजिमका व्यक्तिहरु सञ्चालक रहनुभएको छः

क्र.सं.	नाम	पद	ठेगाना	शैक्षिक योग्यता	अनुभव (सम्बन्धित वा अन्य)
१	श्री तारानाथ निरौला (संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व)	अध्यक्ष	जिल्ला मोरङ, विराटनगर उप म.न.पा.-७, केशलिया रोड	समाजशास्त्रमा स्नातकोत्तर	● विज्ञान तथा प्रविधि ईन्स्टिच्युट, धरानमा सहायक प्राध्यापक भई करिब १ वर्षको कार्यानुभव ● नेपाल वनस्पती घ्यू उद्योगमा खाद्य प्राविधिकको रुपमा करिब ७ बर्षको कार्यानुभव ● मोरङ्ग सुगर मिल्स लि. मा प्रमुख केमिष्टको रुपमा करिब ४ महिनाको कार्यानुभव ● राप्ती डिहाईड्रेटेड फुड्स एण्ड भेजिटेबल प्रोडक्ट्स लि. मा महाप्रवन्धक/प्राविधिक प्रवन्धकको रुपमा करिब साढे २ वर्षको कार्यानुभव ● हेटौडा एजुकेशन फाउण्डेशन प्रा.लि. मा प्रवन्ध सञ्चालकको रुपमा ३ वर्षको कार्यानुभव ● मकवानपुर बहुमुखी क्याम्पसमा करिब १४ वर्ष प्राध्यापन गरेको अनुभव ● खाद्य प्राविधिक तथा सल्लाहकारको रुपमा हेटौडा नगरपालिकामा ६ वर्षको कार्यानुभव ● वरिष्ठ अधिकृतको रुपमा विराटनगर उप महानगरपालिकामा करिब १४ वर्षको कार्यानुभव ● बिराट हेल्थ फुड प्रोडक्टस प्रा.लि.मा प्रवन्ध सञ्चालकको रुपमा विगत २.५ वर्षदेखि कार्यरत ● विशेषज्ञ सल्लाहकार तथा सहजकर्ताको रुपमा विभिन्न स्थानीय निकायहरु, स्कुलहरु, स्थानीय समुदाय, सरकारी तथा गैर सरकारी संघसंस्थाहरुमा आवद्ध ● संस्थापक अध्यक्ष, सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड, टंकिसिनवारी, मोरङ्ग ● विभिन्न संघसंस्थाहरुबाट खाद्य प्रविधि सम्बन्धमा तालिम प्रदान गरेको अनुभव ● विभिन्न अनुसन्धानात्मक कृतिहरुको प्रकाशन ● महेन्द्र विद्याभुषण पद प्राप्त (स्वर्ण)-१९८९ ● नेपाल नागरिक समाज विकास परिषद, विराटनगरबाट सम्मानपत्र प्राप्त ● विज्ञान तथा प्रविधि संस्थान, धरान क्याम्पसबाट सम्मानपत्र प्राप्त ● बिराटनगर उपमहानगरपालिकालाई बालमैत्री नगर घोषणा गर्न पुर्‍याउनु भएको योगदानकालागि सम्मानपत्र प्राप्त।
२	श्री राजमणी न्यौपाने (संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व)	सञ्चालक	जिल्ला मोरङ विराटनगर उप म.न.पा.-६, सम्झना चोक	स्नातक (बि.कम.)	● मकालु सहकारी संस्था लिमिटेडको सञ्चालक समिति सदस्य, उपाध्यक्ष तथा अध्यक्ष भई १४ वर्ष कार्य गरेको अनुभव ● ओमराज निर्माण सेवाको प्रोपाईटर (ग वर्गको इजाजतप्राप्त निर्माण व्यवसायी) को रुपमा विगत २० बर्ष देखि कार्यरत ● गौरीशंकर कन्ट्रक्सन प्रा.लि.को अध्यक्ष (ख वर्गको इजाजतप्राप्त निर्माण व्यवसायी) को रुपमा विगत ३० बर्ष देखि कार्यरत ● निर्माण व्यवसायी संघ मोरङको कार्यसमिति सदस्य, कोषाध्यक्ष तथा महासचिव भई कार्य गरेको अनुभव ● पूर्वाञ्चल निर्माण व्यवसायी संघको कार्यसमिति सदस्य तथा कोषाध्यक्ष भई कार्य गरेको अनुभव ● न्यौपाने सेवा समाज मोरङको सचिव ● ट्रक व्यवसायी संघ मोरङको कार्यसमिति सदस्य, सचिव तथा सल्लाहकार भई कार्य गरेको अनुभव ● २०६९ साल देखि सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेडको सञ्चालक ● विराट हेल्थ फुड प्रोडक्ट्स प्रा.लि.को सल्लाहकार ● विराटनगर ट्रक संघको सचिव तथा सल्लाहकार ● सामाजिक संघ संस्था तथा समाज सेवाको कार्यमा संलग्न।
३	श्री बलराम बराल (संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व)	सञ्चालक	जिल्ला मोरङ, विराटनगर उप म.न.पा.- १३, तिनटोलिया	स्नातकोत्तर एम.ए./बिएल	● कृषि विकास बैंक लिमिटेडमा २०२९ देखि २०६० सम्म शाखा प्रमुख भई ३१ वर्ष कार्य गरेको अनुभव ● मदन भण्डारी मेमोरियल एकेडेमी नेपालमा २०६१ देखि २०६५ सम्म प्रमुख प्रशासन तथा लेखा प्रमुख भई ४ वर्ष कार्य गरेको अनुभव ● मकालु बहुउद्देश्यिय सहकारी संस्था लि. मा सञ्चालक भई २०६३ देखि २०६६ सम्म कार्य गरेको अनुभव ● अरनिको बहुउद्देश्यिय सहकारी संस्था लि. मा सञ्चालक तथा कम्पनी सचिव भई २०६५ देखि २०६९ सम्म कार्य गरेको ● नेपाल सरकार अन्तर्गत भुमिसुधार कार्यालय, सुनसरीमा बचत सहायक निरीक्षक पदमा २०२६ देखि २०२८ सम्म कार्यरत ● नेपाल रेडक्रस सोसाईटी, सुनसरीको आजीवन सदस्य ● पूर्वाञ्चल अनाथ समाज, विराटनगरको आजीवन सदस्य ● लायन्स क्लब अफ विराटनगर सीटीको कोषाध्यक्ष ● अधिवक्ता - सर्वोच्च अदालत ● रजिर्ष्टर्ड लेखा परीक्षक ● USA क्यालिफोर्नियाको अजुसा सिटीमा क्यासियर पदमा Department Store मा एक वर्ष Incharge।
४	श्री सुरेश कुमार श्रेष्ठ (संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व)	सञ्चालक	जिल्ला मोरङ, विराटनगर उप म.न.पा.-६, सम्झना चोक	डिप्लोमा	● नेपाल निर्माण व्यवसायी महासंघको मानर्थ सदस्य ● नेपाल निर्माण व्यवसायी महासंघको निवर्तमान सल्लाहकार ● नेपाल निर्माण व्यवसायी महासंघको पूर्व प्रथम उपाध्यक्ष ● निर्माण व्यवसायी संघ, बिराटनगर मोरङको पूर्व अध्यक्ष ● चैनपुर समाज बिराटनगर कार्यसमितिका संस्थापक अध्यक्ष ● पञ्चेश्वर शिव मन्दिर सञ्चालक समितिका संस्थापक अध्यक्ष ● भ्री पुचः विराटनगर कार्यसमिति सचिव ● नेवा देयूः दवू जिल्ला समिति मोरङका कार्यसमिति सचिव ● नेवा संस्कार समाज बिराटनगर - ६ कार्यसमिति उपाध्यक्ष ● पूर्वाञ्चल क्षेत्रीय निर्माण व्यवसायी संघ बिराटनगरका संस्थापक उपाध्यक्ष ● नेपाः बहुउद्देशीय सहकारी संस्था बिराटनगरका निवर्तमान उपाध्यक्ष ● मकालु बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका पूर्व सञ्चालक ● विगत ३० बर्ष देखि निर्माण व्यवसायमा संलग्न बरिष्ठ निर्माण व्यवसायी ● सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेडका संस्थापक सञ्चालक ● विभिन्न समाजिक संघ संस्था रोटरी क्लब, लाइन्स क्लब आदिमा संलग्न भई सामाजिक कार्यमा संलग्न।
५	श्री गीता मादेन (संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व)	सञ्चालक	जिल्ला ताप्लेजुङ्ग, फुङ्गलिङ्ग गा.वि.स.-९	उच्च माध्यमिक शिक्षा	● मिति २०६१/०५/१७ देखि २०६६/०७/२९ सम्म नव कान्तिपुर बहुउद्देश्यिय सहकारी संस्था लिमिटेड, बिराटनगरमा कर्जा तथा टेलर हेडको रुपमा कार्य गरको अनुभव ● प्रबन्धक संचालक गोल्डेनगेट पोलिक्लिनिक एण्ड डाइवेटिज सेन्टर ● वित्त निर्देशक सुनापाटी पोलिक्लिनिक एण्ड हेल्थ सेन्टर ● मिति २०६८/०८/२० देखि २०७०/०३/३० सम्म प्रमुख कार्यकारी अधिकृत गोल्डेनगेट बचत तथा ऋण सहकारी संस्था लि.मा कार्य गरेको ● विभिन्न सामाजिक संघ संस्थामा आवद्ध भई सामाजिक कार्य गरिरहेको ● सप्तकोशी डेभलपमेन्ट बैंकमा संचालक भई कार्य गरिरहेको।
६	श्री यादव पोखरेल (सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व)	सञ्चालक	जिल्ला मोरङ विराटनगर-२	उच्च माध्यमिक शिक्षा	● विराट व्यापार संघको अध्यक्ष २ बर्ष ● नेपाल भारत उद्योग वाणिज्य संघ पूर्वाञ्चल च्याप्टर कार्य समिति सदस्य ● नेपाल चाईना उद्योग वाणिज्य संघ पूर्वाञ्चल च्याप्टर कार्य समिति सदस्य ● लायन्स क्लब यूनिक (३२५ ए१) चार्टर अध्यक्ष १ बर्ष ● विगत २० बर्ष देखि व्यापार व्यवसायमा संलग्न।
७	श्री भगिरथ खनाल (सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व)	सञ्चालक	जिल्ला मोरङ विराटनगर-११, सम्झना मार्ग	स्नातकोत्तर	● नेपाल सरकार निजामति कर्मचारीको रूपमा ३६ बर्ष कार्य गरेको ● म्याङ्लुङ्ग क्याम्पस तेह्रथुममा १३ बर्ष अध्यापन कार्य गरेको ● नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको पेशागत प्रमाणपत्र प्राप्त लेखापरीक्षक भई कार्य गरिरहेको ● विभिन्न समाजिक संघ संस्था रोटरी क्लब, लाइन्स क्लब आदिमा संलग्न भई सामाजिक कार्यमा संलग्न।
८	श्री गुणराज कटेल (सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व)	सञ्चालक	जिल्ला मोरङ सोराभाग-६	सिएमए	● कोशी अञ्चल अस्पतालमा २१ बर्ष कार्य गरेको ● व्यापार व्यवसायमा संलग्न।
९	डा. श्री अर्जुन कुमार बराल विषेशज्ञ सञ्चालक	सञ्चालक	जिल्ला मोरङ विराटनगर-६	विद्यावारिधि	● शिक्षण पेशामा २० वर्षको कार्यअनुभव (स्नातकोत्तर तह) ● त्रिभुवन विश्वविधालयमा सहायक परीक्षा नियन्त्रक पदमा २ वर्षको कार्यअनुभव।

कार्यकारी प्रमुखको विवरणः डेभलपमेन्ट बैंकको प्रमुख कार्यकारी अधिकृतको रुपमा स्थापनाकाल देखि नै श्री नविन सुवेदी कार्यरत रहनु भएको छ। बिराटनगर-६, भृकुटी चोक, मोरङ्ग स्थायी बसोबास रहनु भएका श्री सुवेदीले त्रिभुवन विश्वविद्यालयबाट एमबिएसम्मको शैक्षिक योग्यता हासिल गर्नुभएको छ। उहाँले यसअघि नर्वदा ट्रेड कन्सर्नमा मार्केटिङ्ग अफिसरको रुपमा २ वर्ष, नेरुडे लघुवित्त विकास बैंक लिमिटेडमा ईलाका प्रवन्धकको रुपमा १ वर्ष, प्रशासन विभाग प्रमुखको रुपमा प्रवन्धक भई २ वर्ष, योजना तथा सूचना प्रविधि विभाग प्रमुख भई उप प्रवन्धक पदमा ५ वर्ष र उप निर्देशक पदमा करिब डेढ वर्ष, प्राईम लाईफ ईन्स्योरेन्स कम्पनी लिमिटेडमा क्षेत्रीय प्रवन्धक पदमा करिब ५ महिनाको कार्यानुभव हासिल गर्नुभएको छ।

८. सञ्चालक समितिको बनौट :

डेभलपमेन्ट बैंकको नियमावलीको नियम २७ मा भएको व्यवस्था बमोजिम ९ (नौ) जना सञ्चालक रहेको एक सञ्चालक समिति देहाय बमोजिम हुनेछ

संस्थापक शेयरधनीहरुको समूहबाट मनोनित वा निर्वाचित	५ (पाँच) जना
सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गरी निर्वाचित	३ (तीन) जना
स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक	१ (एक) जना

सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ।
यस डेभलपमेन्ट बैंकको नियमावलीको नियम २८ मा व्यवस्था भए बमोजिम डेभलपमेन्ट बैंकको संस्थापक सञ्चालकको पदमा नियुक्त हुनका लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १०० (एकसय) कित्ता शेयर लिएको हुनुपर्नेछ। तर स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन।

९. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकमः

यस “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु” मार्फत निष्काशन तथा बिक्री गरिने हकप्रद शेयरको लागि आवेदन दिंदा यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति २०७४/०३/१४ गतेभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १ : १.३ को अनुपातमा (विद्यमान १ कित्ता शेयर बराबर नयाँ १.३ कित्ता शेयरको दरले) हुन आउने शेयरका लागि आवेदन दिन सक्नेछन्।
यदि कुनै शेयरधनीले आफूले हकप्रद आधारमा खरीद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा बढी शेयरका लागि आवेदन दिएमा सो बढी शेयरलाई बाँडफाँडमा समावेश गरिने छैन। त्यसरी नै कुनै शेयरधनीले आफूले हकप्रद आधारमा खरीद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा कम शेयरका लागि दरखास्त दिएमा सोही बमोजिम नै गणना कायम गरिनेछ। दरखास्तसाथ प्रति शेयर रु. १००/- को दरले आवेदन दिने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम निष्काशन बैंकमा जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट दरखास्त फारमसाथ संलग्न भएको हुनुपर्नेछ।

१०. डेभलपमेन्ट बैंकको विगत तीन वर्षको वास्तविक,२०७३/७४ चैत्र मसान्तसम्मको व्यवस्थापनद्वारा प्रमाणित अपरिस्कृत आर्थिक विवरण तथा आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरण :

डेभलपमेन्ट बैंकको विगत तीन आर्थिक वर्ष (आ.व.) को वास्तविक, र आगामी तीन आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय विवरण देहाय बमोजिम छ :

वासलात

पूँजी तथा दायित्व	वास्तविक (रु. हजारमा)			चैत्र मसान्त	प्रक्षेपित (रु. हजारमा)**		
	आ.ब.०७०/०७१	आ.ब.०७१/०७२	आ.ब.०७२/०७३	आ.ब.०७३/०७४*	आ.ब.०७३/०७४	आ.ब.०७४/०७५	आ.ब.०७५/०७६
शेयर पूँजी	६०,०००	१००,०००	१११,०००	२११,०००	३८५,३००	३८५,३००	३८५,३००
जगेडा तथा कोषहरु	३६९७	५,६३०	३,६७३	२७,२१९	३७,५४६	७४,६४७	११६,१७२
ऋणपत्र तथा बण्ड	-	-	-	-	-	-	-
तिर्न बाँकी कर्जा सापट	-	-	-	-	-	-	-
निक्षेप दायित्व	२३२,२१५	४३७,८६५	७४६,४३७	८५०,७७९	१,०८२,३४०	१,२९८,८०७	१,४२८,६८८
भुक्तानी दिनपर्ने विलहरु	-	-	-	-	-	-	-
प्रस्तावित लाभांश	-	-	५७९	-	-	-	-
आयकर दायित्व	-	-	-	-	-	-	-
अन्य दायित्व	१,०६४	५,४१४	५,००८	४३,३५२	४५,५१९	५२,३४७	६४,९११
जम्मा पूँजी तथा दायित्व	२९६,९७६	५४८,९०९	८६६,६९७	१,१३२,३४९	१,५५०,७०५	१,८११,१०१	१,९९५,०७१

सम्पत्ति	वास्तविक (रु. हजारमा)			चैत्र मसान्त	प्रक्षेपित (रु. हजारमा)**		
	आ.ब.०७०/०७१	आ.ब.०७१/०७२	आ.ब.०७२/०७३	आ.ब.०७३/०७४*	आ.ब.०७३/०७४	आ.ब.०७४/०७५	आ.ब.०७५/०७६
नगद मौज्दात	८,२१४	१७,८९०	१८,९६०	२३,५९२	६३,४९७	६५,००५	६५,९५८
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	१४,६९८	३०,६३८	४५,८५१	५५,०२८	८८,०४५	९२,४४७	७८,५८०
बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	२०	२०	२०	२६	३७	५५	१२१
माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	५४,२९७	११७,११३	१८९,७८९	२३०,७२४	४३८,३७५	५०४,१३२	५७९,७५१
लगानी	-	-	-	-	-	-	-
कर्जा सापट तथा बिल खरिद	२०९,४०६	३६६,१६०	५९३,७४०	७५६,३०९	८९०,२१४	१,०६८,२५७	१,१७५,०८२
स्थिर सम्पत्ति	८,६१०	१४,१२९	१५,११४	१५,५७२	१६,६२५	१८,२८८	२०,११७
गैर बैंकिङ्ग सम्पत्ति	-	-	-	-	-	-	-
अन्य सम्पत्ति	१,७३१	२,९५९	३,२२२	५१,०९८	५३,९१३	६२,९१८	७५,४६१
जम्मा सम्पत्ति	२९६,९७६	५४८,९०९	८६६,६९७	१,१३२,३४९	१,५५०,७०५	१,८११,१०१	१,९९५,०७१

नाफा-नोक्सान हिसाब

विवरण	वास्तविक (रु. हजारमा)			चैत्र मसान्त	प्रक्षेपित (रु. हजारमा)**		
	आ.ब.०७०/०७१	आ.ब.०७१/०७२	आ.ब.०७२/०७३	आ.ब.०७३/०७४*	आ.ब.०७३/०७४	आ.ब.०७४/०७५	आ.ब.०७५/०७६
व्याज आम्दानी	२४,६१३	४५,५३०	७२,००९	८२,२१७	११८,५८०	१५१,२३१	१७३,२९२
व्याज खर्च	१०,९७०	२१,१४७	३४,६४९	३२,२७९	५०,२९१	६५,४८२	७५,००६
खुद व्याज आम्दानी	१३,६४४	२४,३८२	३७,३६०	४९,९३८	६८,२८८	८५,७४९	९८,२८६
कमिशन तथा डिस्काउण्ट	४७१	६८८	६५१	५०३	६७१	७३८	७७४
अन्य सञ्चालन आम्दानी	३,२९३	५,३७७	८,३८६	७,३२२	९,७६३	१०,२५१	१०,७६४
सटही घटबढ आम्दानी	-	-	-	-	-	-	-
कुल सञ्चालन आम्दानी	१७,४०८	३०,४४६	४६,३९८	५७,७६४	७८,७२२	९६,७३८	१०९,८२४
कर्मचारी खर्च	४,३२९	८,८२३	१०,९३०	१३,०२५	१७,३६६	२२,५७६	२७,०९१
अन्य सञ्चालन खर्च	७,१४४	१६,६०८	१७,०४१	१५,०११	१९,५४९	२२,७७८	२६,२१५
सटही घटबढ नोक्सान	-	-	-	-	-	-	-
सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा	५,९३४	५,०१६	१८,४२७	२९,७२८	४१,८०७	५१,३८४	५६,५१८
सम्भावित नोक्सानी व्यवस्थाहरु	१,३६०	१,६७३	३,५५८	१७,७८०	४,२२२	२,३१४	१,४१७
सञ्चालन मुनाफा	४,५७४	३,३४३	१४,८६९	११,९४८	३७,५८५	४९,०७०	५५,१०१
गैर सञ्चालन आम्दानी/खर्च	-	-	-	-	-	-	-
सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता	-	-	-	१४,२२२	१५,६४४	९,२३०	१०,१५३
नियमित कारोवारबाट भएको मुनाफा/खर्च	४,५७४	३,३४३	१४,८६९	२६,१७०	५३,२२९	५८,३००	६५,२५४
असमान्य कारोवारबाट भएको मुनाफा/खर्च	-	-	-	-	-	-	-
सम्भावित नोक्सानी व्यवस्था पछिको खुद मुनाफा	४,५७४	३,३४३	१४,८६९	२६,१७०	५३,२२९	५८,३००	६५,२५४
कर्मचारी बोनस व्यवस्था	४१६	३०४	१,३५२	२,३७९	४,८३९	५,३००	५,९३२
आयकर व्यवस्था	१,०६७	१,१५९	३,८९५	७,१३७	१४,५१७	१५,९००	१७,७९७
यस वर्षको कर व्यवस्था	१,२८१	१,११८	४,२५२	७,१३७	१४,५१७	१५,९००	१७,७९७
विगत वर्षसम्मको कर व्यवस्था	-	-	-	-	-	-	-
यस वर्षको स्थगन कर आम्दानी/खर्च	(२१४)	४१	(३५७)	-	-	-	-
खुद नाफा/नोक्सान	३,०९२	१,८८०	९,६२२	१६,६५३	३३,८७३	३७,१००	४१,५२५

नाफा-नोक्सान बाँडफाँड हिसाब

विवरण	वास्तविक (रु. हजारमा)			प्रक्षेपित (रु. हजारमा)**		
	आ.ब.०७०/०७१	आ.ब.०७१/०७२	आ.ब.०७२/०७३	आ.ब.०७३/०७४	आ.ब.०७४/०७५	आ.ब.०७५/०७६
आम्दानीः						
गत वर्षसम्मको संचित मुनाफा	६८५.४६	२,९८८	४,५०४	६२३	२७,७२१	५४,८२०
यस वर्षको मुनाफा	३,०९२	१,८८०	९,६२२	३३,८७३	३३,८७३	३७,१००
सटही घटवढ कोष	-	-	-	-	-	-
जम्मा	३,७७७	४,८६८	१४,१२६	३४,४९६	६१,५९५	९१,९२०
खर्चः						
गत वर्षसम्मको संचित नोक्सान	-	-	-	-	-	-
यस वर्षको नोक्सान	-	-	-	-	-	-
साधारण जगेडा कोष	६१८	३७६	१,९२४	६,७७५	६,७७५	७,४२०
भैपरी आउने जगेडा	-	-	-	-	-	-
संस्था विकास कोष	-	-	-	-	-	-
लाभांश समिकरण कोष	-	-	-	-	-	-
कर्मचारी सम्बन्धी जगेडाहरु	-	-	-	-	-	-
प्रस्तावित लाभांश	-	-	५७८.९५	-	-	-
प्रस्तावित बोनस शेयर जारी	-	-	११,०००.००	-	-	-
विशेष जगेडा कोष	-	-	-	-	-	-
सटही घटवढ कोष	-	-	-	-	-	-
पूँजी फिर्ता जगेडा कोष	-	-	-	-	-	-
पूँजी समायोजन कोष	-	-	-	-	-	-
स्थगन कर जगेडा	२१४	-१३	-	-	-	-
अन्य	-	-	-	-	-	-
जम्मा	८३२	३६३	१३,५०३	६,७७५	६,७७५	७,४२०
संचित मुनाफा/(नोक्सान)	२,९४५	४,५०४	६२३	२७,७२१	५४,८२०	८४,५००

निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल (Minimum return on increased networth required to maintain pre issue EPS) = ८.५९%

डेभलपमेन्ट बैंकको अनुमानित वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि खुद बाँकी हुने सम्पत्ति (नेटवोर्थ) देहाय बमोजिम रहेको छ ।

विवरण	वास्तविक (रु. हजारमा)			प्रक्षेपित (रु. हजारमा)**		
	आ.ब.०७०/०७१	आ.ब.०७१/०७२	आ.ब.०७२/०७३	आ.ब.०७३/०७४	आ.ब.०७४/०७५	आ.ब.०७५/०७६
चुक्ता पूँजी	६०,०००	१००,०००	१११,०००	३८५,३००	३८५,३००	३८५,३००
जगेडा तथा कोषहरु	३,६९७	५,६३०	३,६७३	३७,५४६	७४,६४७	११६,१७२
जम्मा	६३,६९७	१०५,६३०	११४,६७३	४२२,८४६	४५९,९४७	५०१,४७२
घटाउनेः अपलेखन गर्न बाँकी खर्च	-	-	-	-	-	-
जम्मा नेटवोर्थ	६३,६९७	१०५,६३०	११४,६७३	४२२,८४६	४५९,९४७	५०१,४७२
शेयर संख्या हजारमा	६००.००	१०००.००	१११०.००	३८५३.००	३८५३.००	३८५३.००
प्रति शेयर नेटवोर्थ (रु.)	१०६.१६	१०५.६३	१०३.३१	१०९.७४	११९.३७	१३०.१५
नेटवर्थमा प्रतिफल (%)	४.८५	१.७८	८.३९	८.०१	८.०७	८.२८
प्रति शेयर आम्दानी	५.१५	१.८८	८.६७	८.७९	९.६३	१०.७८
प्रति शेयर चुक्ता पूँजी (रु.)	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००

* व्यवस्थापनद्धारा प्रमाणित आ.ब. २०७३/७४ चैत्र मसान्तसम्मको अपरिष्कृत वित्तीय विवरण अनुसार।
** यस आर्थिक तथा वित्तीय प्रक्षेपण डेभलपमेन्ट बैंक स्वयंले तयार गरेको हो र विश्लेषण आ.के.एस एण्ड एसोसियट्सका चार्टर्ड एकाउण्टेण्टस् राजेश कुमार साहज्यूले गर्नुभएको हो र यी विवरणहरु औचित्यपूर्ण र यथार्थपरक रहेको सो डेभलपमेन्ट बैंकको उद्घोषणा रहेको छ।

११. संगठित संस्थाले गर्ने भनिएको काममा निहित सम्भावित जोखिमहरु :

(क) डेभलपमेन्ट बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब हुन गएमा स्वभाविक रुपमा हुनसक्ने जोखिमहरु।
(ख) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुनसक्ने जोखिमहरु।
(ग) निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुनसक्ने जोखिमहरु।
(घ) पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु।
(ङ) देशको राजनैतिक तथा आर्थिक अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु।
(च) अन्तराष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु।

डेभलपमेन्ट बैंकको कर्जा तथा सापट र लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि डेभलपमेन्ट बैंकले कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी-नोक्सानी वापतको व्यवस्था जस्ता कोषहरुको व्यवस्था गरेको छ। डेभलपमेन्ट बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा आवश्यक ध्यान पुर्‍याएको छ। यस बाहेकका व्यवसायिक जोखिमहरुबाट श्रृजना हुनसक्ने हानी-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी-नोक्सानी कम गर्न सक्षम तथा प्रतिबद्ध छ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धि जोखिम :

निष्काशन गरिएको शेयर मूल्य रू.१००/- प्रति शेयरका दरले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ।

१२. शेयर बाँडफाँड सम्बन्धी व्यवस्था :

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २१ ले गरेको व्यवस्था बमोजिम डेभलपमेन्ट बैंकले आफ्नो शेयरधनीहरुमा हकप्रद आधारमा खरीद आव्हान गरेको शेयर बिक्री बन्द भएको मितिले बढीमा तीस दिन भित्र बाँडफाँड गरि सम्बन्धित शेयरधनीहरुलाई बाँडफाँड पत्र र फिर्ता भुक्तानी दिने व्यवस्था गरि सोको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नेछ। यसरी बाँडफाँड भएपश्चात् नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गराई नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम निर्धारित अवधि भित्र बाँडफाँडमा परेका शेयरधनीहरुलाई हकप्रद शेयरको कित्ता निजहरुको हितग्राही खातामा सोझै जम्मा गरिनेछ। हितग्राही खाता नभएका शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको भौतिक शेयरलाई अभौतिक गराए पश्चात स्वतः हितग्राही खातामा जम्मा गरिनेछ वा निवेदन दिएमा निजको हितग्राही खातामा जम्मा गरिनेछ।

डेभलपमेन्ट बैंकले यस हकप्रद निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति २०७४/०३/१४ गतेभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले शेयर खरीद गर्दा आफ्नो नाममा कायम शेयरको १ : १.३ को अनुपातमा (विद्यमान १ कित्ता शेयर बराबर नयाँ १.३ कित्ताको दरले) हुन आउने शेयरको लागि आवेदन दिन सक्नेछन्। यसरी आवेदन दिंदा हक वापतको शेयर संख्या खण्डित शेयरमा आएमा नेपाल धितोपत्र बोर्डबाट दिइएको निर्देशन अनुसार खण्डित शेयरलाई पूर्ण कित्ताको रुपमा नपुग रकम समेत बुझाइ आवेदन दिन सक्नेछन्। त्यसो गर्दा बैंकको पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा बैंकको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरिनेछ र थप धितोपत्र बोर्डमा दर्ता गरिने व्होरा आगामी वार्षिक साधारण सभाबाट निर्णय गरिनेछ। यसरी खण्डित हकप्रद शेयरलाई धितोपत्र बोर्डबाट दिइएको निर्देशन अनुसार बाँडफाँड गर्ने निर्णय बैंकको सञ्चालक समितिले गर्नेछ।

यसरी निर्णय गर्दा यस हकप्रद निष्काशन मार्फत जारी गरिएका सम्पूर्ण शेयरकालागि आवेदन नपरी शेयर बाँकी रहन गएमा सो बाँकी शेयरबाट माथि उल्लेख गरिए अनुसारको खण्डित शेयरलाई पूर्ण कित्ताको रुपमा परिणत गर्न आवश्यक शेयर मिलान गरी बाँडफाँड गरिने छ। तर यस हकप्रद निष्काशनमा निष्काशित सम्पूर्ण शेयरहरुको लागि आवेदन पर्न आएमा खण्डित शेयरलाई पूर्ण कित्तामा परिणत गरी बाँडफाँड गर्ने प्रक्रिया र सो बढी शेयरको दर्ता सम्बन्धी निर्णय सम्बन्धित नियमन निकायसँग समन्वय गरी प्रचलित शेयर बाँडफाँड सम्बन्धी व्यवस्था अनुसार गरिनेछ।

यदि कुनै शेयरधनीले आफूले हकप्रद आधारमा खरीद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा बढी शेयरका लागि आवेदन दिएमा सो बढी शेयरलाई बाँडफाँडमा समावेश गरिने छैन। त्यसरी नै कुनै शेयरधनीले आफूले हकप्रद आधारमा खरीद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा कम शेयरका लागि दरखास्त दिएमा सोही बमोजिम नै गणना कायम गरिनेछ।

१३. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २१ ले गरेको व्यवस्था बमोजिम डेभलपमेन्ट बैंकले आफ्नो शेयरधनीहरुमा हकप्रद आधारमा खरीद आव्हान गरेको शेयर बिक्री बन्द भएको मितिले बढीमा तीस दिन भित्र बाँडफाँड गरि गरिने छ र उक्त शेयरहरु नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा सूचिकरण तथा दर्ता गराई शेयरधनीहरुलाई धितोपत्रहरु अभौतिक रुपमा उपलब्ध गराई शेयर खरीद बिक्रीको व्यवस्था मिलाइने छ।

१४. पछिल्लो ३ वर्षको वार्षिक तथा पछिल्लो ३ महिनाको मासिक कारोवारको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको संख्या सम्बन्धी विवरण :

डेभलपमेन्ट बैंकले सर्वसाधारणमा निष्काशन गरेको शेयर मिति २०७२/१०/१७ मा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण भएको हुँदा विगत एक आर्थिक वर्षको शेयर कारोवारको विवरण निम्नानुसार रहेकोछ।

डेभलपमेन्ट बैंकको विगत तीन आर्थिक वर्षको वार्षिक शेयर कारोवारको विवरण

आर्थिक वर्ष	अधिकतम शेयर मूल्य (रू)	न्यूनतम शेयर मूल्य (रू)	अन्तिम बजार मूल्य (रू)	शेयर कारोवार संख्या
२०७२/२०७३	६११	३१६	५३०	१,१०,७२४

डेभलपमेन्ट बैंकको विगत तीन महिनाको शेयर कारोवारको विवरण

जेठ २०७४	४३२	३६८	३७७	३५,८०७
बैशाख २०७४	४७१	२९६	४१६	३२,४४८
चैत्र २०७३	३२०	२५१	३१६	१५,५३२

नोटः डेभलपमेन्ट बैंकको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेञ्ज लि. ले प्रकाशित गर्ने बजार मूल्यसूची मार्फत प्राप्त गर्न सकिने।

१५. हकप्रद शेयर खरीद गर्न चाहने साविक शेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :

(१) यस विवरणपत्र अनुसार जारी गरिने हकप्रद शेयर खरिदका लागि यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति २०७४/०३/१४ गतेभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १ : १.३ को अनुपातमा (विद्यमान १ कित्ता शेयर बराबर नयाँ १.३ कित्ता शेयरको दरले) शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन्।
(२) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा डेभलपमेन्ट बैंकद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हाल कायम रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर (हरु), आफूले खरिद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ।
(३) दरखास्त फारम नेपाली तथा अंग्रेजी दुवै भाषामा पूर्णरुपले भर्नुपर्नेछ।
(४) दरखास्तसाथ प्रति शेयर रु. १००/- को दरले आफूले हकप्रद आधारमा माथि १५(१) मा उल्लेख भए अनुसार खरिद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ। भौचर वा बैंक ड्राफ्ट मार्फत् रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फारममा अनिवार्य रुपमा खुलाउनु पर्नेछ।
(५) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति २०७४/०३/१४ गतेभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले मात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्नेछन्। शेयरधनी दर्ता पुस्तिका बन्द भए पश्चात् शेयर खरिद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनका लागि आवेदन दिन योग्य हुने छैनन्।
(६) शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ। यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन।
(७) “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु” मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्नेछैन।
(८) यस हकप्रद शेयर निष्काशनको समयमा कुनै विवाद भएमा वा ऊजुरी परेमा सो को निवारणका लागि डेभलपमेन्ट बैंकको सञ्चालक समितिको निर्णय नै अन्तिम हुनेछ।
(९) शेयरको बाँडफाँड भई नेपाल स्टक एक्सचेञ्ज लि. मा सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता भए पश्चात् बाँडफाँडमा परेका हितग्राही खाता भएका शेयरधनीहरुलाई हकप्रद शेयर अभौतिकरुपमा निजहरुबाट उपलब्ध गराईएको हितग्राही खातामा सोझै जम्मा गर्ने व्यवस्था मिलाईने छ र डिम्याट खाता नभएका शेयरधनीहरुले यस कम्पनीको शेयर डिम्याट गरे पश्चात वा आफ्नो हितग्राही खाता नं. यस डेभलपमेन्ट बैंकको शेयर रजिष्ट्रारलाई उपलब्ध गराए पश्चात निजको खातामा जम्मा गर्ने व्यवस्था मिलाईनेछ।
(१०) प्रत्येक शेयरधनीले भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा आवेदकको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै आवेदन फारम मार्फत दरखास्त दिनुपर्नेछ।

१६. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरुः

आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गर्ने व्यवस्थानभएको।

१७. धितोपत्र खरीदका लागि आवेदन फारम पाइने, रकम जम्मा गर्ने र आवेदन फारम बुझाउने स्थानहरु साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु“ प्राप्त गर्ने वा हेर्न सकिने ठाँउ :

सि.नं.	संकलन केन्द्रहरु
१	सप्तकोशी डेभलपमेन्ट बैंक लि., मोरङ जिल्ला, टंकिसिनवारी वडा नं. २, कर्पोरेट कार्यालय विराटनगर र शाखा कार्यालयहरू : विराटनगर, सौठा, इलाम, फिदिम, हर्कटे, गछिया, रङ्गेली र उर्लाबारी।
२	एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं।*
३	एनएमबि बैंक लिमिटेडका शाखा कार्यालयहरुः ***उपत्यका भित्र :*** बबरमहल, सितापाइला, थापाथली, ठमेल, चावहिल, कलंकी, महाराजगञ्ज काठमाडौं; थैव, कुमारीपाटी, लुभु ललितपुर; सुर्यविनायक, भक्तपुर; ***उपत्यका बाहिर :*** तीनदोबाटो, बनेपा; मिलनचोक, बुटवल; महेन्द्रपथ, धरान; रङ्गेलीरोड, विराटनगर; सुर्खेत रोड, नेपालगन्ज; बसपार्क रोड, धनगढी; न्यूरोड, पोखरा; आर्दशनगर, विरगन्ज; भानुचोक, जनकपुर; नारायणगढ, चितवन; विर्तामोड, भ्रापा।

*उपरोक्त संकलन केन्द्रमा दरखास्त साथ चेक मात्र बुझिलिने व्यवस्था गरिएको छ।
उक्त उल्लेखित स्थानहरु बाहेक अन्य स्थानबाट आवेदन दिन चाहनेहरुले धितोपत्र निष्काशन बन्द हुनु भन्दा अघिको मितिमा एनएमबि क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्ट पेयी (A/C Payee) ड्राफ्टसाथ धितोपत्रको लागि आवेदन सिधै हुलाक वा कुरियरद्वारा एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा पठाउन सकिने छ। हकप्रद शेयर बिक्री बन्द भएको ७ दिन पछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँडमा समावेश गरिनेछैन।

१८. निष्काशन बैंक (Bankers to the Issue) सम्बन्धी व्यवस्था :

यस हकप्रद शेयर निष्कासनको लागि देहाय बमोजिमका बैंकलाई निष्कासन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१	एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौ	००१३०६०००५४०१००००१९५

नेपाल धितोपत्र बोर्डलाई तीन दिन अगाडि जानकारी गराई अन्य वाणिज्य बैंकहरूलाई समेत आवश्यकता अनुसार निष्काशन बैंक तोक्न सकिनेछ।

१९. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तीमा पैंतिस दिनका लागि खुल्ला राखिनेछ। सो समयावधिभित्र सम्पूर्ण हकप्रद शेयरका लागि आवेदन नपरेमा नेपाल धितोपत्र बोर्डको प्रचलित निर्देशिकाको अधीनमा रही आवेदन खुल्ला भएको मितिले बढीमा पन्ध्र दिन सम्मका लागि खुल्ला राख्न सकिनेछ।

२०. लगानीकर्ताहरुको गुनासो तथा सुझाब सम्बन्धी व्यवस्था :

डेभलपमेन्ट बैंकको प्रकाशित “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु” मार्फत निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाब सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ। लगानीकर्ताहरुले देहाएको माध्यममार्फत आफ्नो गुनासो तथा सुझाब प्रेषित गर्न सक्नेछन्ः फोन नं.४४३७९६३, फ्याक्स नं.४४३७९६०, E-mail: info@nmbcl.com.np।

२१. क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्थाः

बोर्डबाट क्रेडिट रेटिङ्ग सम्बन्धी कार्य गर्न अनुमति प्राप्त संस्था इक्रा नेपाल (ICRA Nepal) ले यस डेभपलमेन्ट बैंकद्वारा जारी गर्न लागेको हकप्रद शेयर निष्काशनलाई इक्रा नेपाल लिमिटेडले "ICRANP IPO GRADE 4" प्रदान गरेको छ। [ICRANP] IPO GRADE 4 ले औषत भन्दा तल आधारहरु (below-average fundamentals) जनाउदँछ।

२२. सञ्चालक तथा आधारभूत शेयरधनीले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस डेभलपमेन्ट बैंकको सञ्चालक तथा आधारभूत शेयरधनीहरुले रु. १,०३,१५,११०/- जम्मा गरिसकेको जानकारी गराउंदछौं।

दरखास्त फारामको नमूना

सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड
SAPTAKOSHI DEVELOPMENT BANK LIMITED
“हाम्रो समुदाय हाम्रो बैंक”
(नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)
टंकिसिनवारी-२, मोरङ्ग
कर्पोरेट कार्यालयः विराटनगर-९, मोरङ्ग, फोन नं. ०२१-५२८१३५, ५२८१३७ फ्याक्सः ०२१-५२८१४०
इमेलः info@skdbl.com.np, वेवसाइटः www.skdbl.com.np
को

सि.नं.

हकप्रद शेयर खरीद दरखास्त फाराम

कोड नं. ☐☐☐

मार्फतः
एनएमबि क्यापिटल लिमिटेड
नागपोखरी, काठमाडौं, नेपाल. फोन नं. ४४३७९६३ फ्याक्स नं. ४४३७९६०
E-mail: info@nmbcl.com.np URL: www.nmbcapital.com.np

शेयरधनी/परिचय नं. ☐☐☐☐☐☐

श्री संचालक समिति,
सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड
टंकिसिनवारी, मोरङ्ग, नेपाल।

हितग्राही खाता नं.	
DP ID	☐☐☐☐☐☐☐☐
Client ID	☐☐☐☐☐☐☐☐

महाशय,

यस डेभलपमेन्ट बैंकको २७,४३,००० कित्ता बराबरको हकप्रद शेयर निष्काशन प्रयोजनका लागि प्रकाशित “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु”को शर्त अनुसार डेभलपमेन्ट बैंकले आफ्नो शेयरधनी दर्ता पुस्तिका बन्द गरेको मिति २०७४/०३/१४ भन्दा अघिल्लो दिन सम्ममा मेरो/हाम्रो नाममा कायम अभौतिक .... कित्ता र भौतिक ....कित्ता शेयरको १ : १.३ को अनुपात (अर्थात विद्यमान १ कित्ता शेयर बराबर नयाँ १.३ कित्ता शेयर) को दरले हुन आउने .... कित्ता हकप्रद शेयर खरीद गर्न मेरो/हाम्रो कायम हक बमोजिम .... कित्ता शेयरहरु खरीद गर्ने ईच्छा भएकोले प्रति शेयर रु.१००/- का दरले हुन आउने जम्मा रकम रु. .... (अक्षरेपी............ ....मात्र) को भौचर/ड्राफ्ट संलग्न गरी तल उल्लेखित विस्तृत विवरण सहित यो निवेदन पेश गरेको छु/छौं। डेभलपमेन्ट बैंकको नियमानुसार गर्न मेरो/हाम्रो मन्जुरी भएकोले उल्लेखित हकप्रद शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं।

विवरण	भौतिक कित्ता (प्रमाण-पत्र रहेको हकमा)	अभौतिक कित्ता (हितग्राही खातामा रहेको हकमा)	जम्मा शेयर कित्ता
साविक कायम रहेको शेयर कित्ता			
लिन चाहेको हकप्रद शेयर कित्ता			
जम्मा लिन चाहेको हकप्रद शेयर कित्ता			
प्रति शेयर रु.१००/- ले बुझाएको रकम	रु.	अक्षरमा	
दरखास्त बुझाएको मिति	२०७४/ /	भौचर/ड्राफ्ट नं.	
चेक खिचिएको बैंकको नाम		चेक नं.	
रकम बुझाएको बैंक/कम्पनीको नाम		ठेगाना	

निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नाबालक					
	In English	Mr./Mrs./Miss/Minor					USE CAPITAL LETTER
ठेगाना	घर नं./वडा नं.		टोल		गा.वि.स./न.पा.		जिल्ला
Address	House No./Ward no		Tole		VDC/Municipality		District
सम्पर्क ठेगाना							
PAN No.		Phone No.			Mobile No.		
ना.प्र.प.नं./जारी स्थान		पो.ब.नं.			Email ID		
बाबुको नाम							
Father's Name							
बाजेको नाम							
Grand Father's Name							
पति/पत्नीको नाम							
संरक्षकको नाम (नाबालकको हकमा)							
Guardian's Name (Incase of minor)							

यस दरखास्त फाराममा भएको विवरणहरु पूर्ण रुपमा साँचो हो, यसमा कुनै फरक भएमा म निवेदक स्वयं जिम्मेवार हुनेछु। साथै यस शेयरको लागि लगानी गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप हुनेगरि आर्जन गरेको होइन। भुठो ठहरिएमा प्रचलित कानून बमोजिम सहन/बुझाउन मेरो/हाम्रो मन्जुरी छ।

द्रष्टब्यः१. साविक शेयरधनीले आफ्नो शेयरधनी परिचय/हितग्राही नं. अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ।
२. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DPID/Client Id दुवै उल्लेख गर्नुपर्नेछ।
३. यस दरखास्त फाराममा गरिएका सम्पूर्ण विवरण पूर्ण रुपले नेपाली तथा अंग्रेजी दुवै भाषमा भर्नुपर्नेछ।
४. रितपुर्वक नभरिएको दरखास्त हकप्रद शेयर बाँडफाँडमा समावेश गरिने छैन। साथै चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ।
५. हक हस्तान्तरण गर्ने गरि मनोनयन गर्ने व्यवस्था नभएको।

निवेदकको दस्तखत
(Applicant's Signature)

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ।

मार्फतः
NMB CAPITAL LIMITED
नागपोखरी, काठमाडौं, नेपाल
फोन नं. ४४३७९६३ फ्याक्स नं. ४४३७९६०
E-mail: info@nmbcl.com.np URL: www.nmbcapital.com.np

हकप्रद शेयर खरिद रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

शेयरधनी नं./परिचय नं. ☐

Applicant's Name					
Company's Name	SAPTAKOSHI DEVELOPMENT BANK LIMITED				
No. Of shares Applied		Call Money per Share	Rs.100	Amount Deposited	
Amount in Words					

निवेदकको दस्तखत
(Applicant's Signature)

For Official Use Only:
चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ।

Received by:	Shareholder No.		DP ID ☐☐☐☐☐☐☐☐
Date:	Stamp	Code No. ☐☐☐	Client ID ☐☐☐☐☐☐☐☐

द्रष्टव्यः [illegible]

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

NMB CAPITAL LIMITED

एनएमबि क्यापिटल लिमिटेड
नागपोखरी, काठमाडौं, नेपाल
फोन नं. ४४३७९६३, फ्याक्स नं. ४४३७९६०
E-mail: info@nmbcl.com.np Url: www.nmbcapital.com.np